घोराही उप-महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
घोराही, दाङ, लुम्बिनी प्रदेश, नेपाल

फोन-फ्याक्स : ०८२-५६०१६२
५६०२४३
५६१२६८
५६०७००
बारुण यन्त्र : ०८२-५६०४९९
www.ghorahimun.gov.np

प.सं.०८०/८१

च.नं.३२२२

मितिः २०८०।१०।०७

विषयः खर्च लेखाङ्कन सम्बन्धमा।

श्री वडा सचिव सबै

उपर्युक्त सम्बन्धमा यस कार्यालयको प.सं. ०७९/०८०, च.नं. ६७६९, मिति २०८०।०३।२४ गतेको पत्र मार्फत आर्थिक वर्ष ०८०/८१को खर्च गर्ने अख्तियारी प्राप्त भएकै छ। सो सम्बन्धमा आ.व. ०८०/८१को नगरसभा १४औं अधिवेशन(हिंउदे अधिवेशन)मा वडास्तरीय अनुगमन समितिको दायरा रु.२ लाखबाट बढाई रु.५ लाख बनाउने, वडास्तरीय चालुतर्फ सबै कार्यक्रमहरु तथा पुँजीगततर्फ रु.५ लाखसम्मका वडास्तरीय तथा नगरस्तरीय आयोजनाहरुको अनुगमन, मूल्याङ्कन गर्ने, फरफारक गर्ने, खर्च लेख्ने, लेखा राख्ने, भुक्तानी आदेश मार्फत भुक्तानी माग गर्ने र लेखा परिक्षण गर्ने गराउने साथै प्रतिवेदन गर्ने उत्तरदायित्व र जिम्मेवारी समेत सम्बन्धीत वडा कार्यालयमा रहने सम्बन्धी प्रस्ताव नगरसभाबाट सर्वसम्मत पारित(स्वीकृत) भएको हुँदा तपाईलाई तपसिल बमोजिमको जिम्मेवारी दिइएको छ। यहाँलाई प्राप्त जिम्मेवारी प्रचलित कानूनको अधिनमा रही नागरिक प्रति पूर्णरुपमा जवाफदेही र उत्तरदायी भई कुशलतापूर्वक निर्वाह गर्नुहुनेछ भन्ने विश्वास लिएको छु।

तपसिलः

१. पालिकाबाट दस्तखत नमूना पत्र प्रमाणीत गराइ भुक्तानी आदेश पेश गर्ने।
२. आर्थिक कारोबारको लेखा राख्न लगाउने, आन्तरिक तथा बाह्य लेखा परिक्षण गर्ने गराउने तथा सम्पुर्ण कागजातहरुको सुरक्षाको प्रवन्ध मिलाउने।
३. सम्बन्धीत विषयहरुको प्रतिवेदन गर्ने, प्रतिउत्तर लेख्ने तथा प्रमाणीत गर्ने।
४. तोकिए बमोजिम वडाबाट सम्पन्न हुने सम्पूर्ण कार्यक्रम तथा आयोजनाहरुको सन्दर्भमा कार्यालय प्रमुखमा रहेको सम्पूर्ण उत्तरदायित्व तथा जिम्मेवारी बहन गर्ने।

ऋषिराम के.सी.
प्रमुख प्रशासकीय अधिकृत

सादर अवगतार्थः

श्रीमान नगरप्रमुज्यू, घोराही उपमहानगरपालिका।

श्रीमान नगरउपप्रमुखज्यू, घोराही उपमहानगरपालिका।

बोधार्थः

श्री सामान्य व्यवस्थापन महाशाखा

श्री वित्तीय व्यवस्थापन महाशाखा

श्री पूर्वाधार विकास तथा भूमि व्यवस्थापन महाशाखा

श्री सूचना तथा सञ्चार प्रविधि शाखाः वेवसाइटमा अपलोड गरिदिनुहुन